नौमूले गाउँपालिका

# गाउँ कार्यपालिकाको कार्यालय

नौमूले, दैलेख

कर्णाली प्रदेश, नेपाल

पत्र संख्या: २०८२/०८३
च.नं.: ५७६

मिति: २०८२।०९।२९
ने.सं.११४६ प्वहेलागा: दशमी, मंगलबार

श्री सम्पूर्ण वडा कार्यालय (१ देखि ८ सम्म),
नौमूले गाउँपालिका, दैलेख ।

विषय: जानकारी सम्बन्धमा।

उपरोक्त सम्बन्धमा भूमि समस्या समाधान आयोग, ताहाचल, काठमाडौंको प.सं. २०८२/०८३, च.नं.३९, मिति २०८२/०९/२९ गतेको पत्रमार्फत भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीहरुबाट मिति २०८२/०४/३० देखि ३५ दिनभित्र ताहाँ वडामा दर्ता हुन आएका फाराम र अन्य विवरणहरुलाई NALCIS System मा २०८२ माघ मसान्तसम्म प्रविष्ट गर्न/गराउनु हुन आदेशानुसार अनुरोध भएको हुँदा ताहाँ वडा कार्यालयमा रहेका भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीहरुको देहाय बमोजिमका कागजात सहित वडा कार्यालयबाट प्रमाणित गरि भूमि शाखामा उपलब्ध गराउनु हुन यसै पत्रानुसार अनुरोध छ ।

देहाय:

१. अनुसूची ३ र ४ सहित माग गरेको जग्गाको कम्तीमा दश वर्ष अघिबाट आबाद कमोत भइआएको हो भनी प्रमाणित गरेको सम्बन्धित वडाको सिफारिस पत्र ।
२. परिवारमूली र नागरिकता प्राप्त परिवारका अन्य सदस्यको नेपाली नागरिकताको प्रमाणपत्र प्रतिलिपि र परिवारमूलीको पति/पत्नी को हालसालै खिचेको पासपोर्ट साइजको फोटो ।
३. आफू र परिवारका सदस्यका नाममा अन्यत्र रहेको सबै जग्गाको पुर्जाको प्रतिलिपि र सम्बन्धित स्थानीय तहको सम्पत्ति कर प्रयोजनका लागि निर्धारण गरेको मूल्याङ्कन सम्बन्धी स्थानीय तहको पत्र ।
४. आफूसँग भएका अन्य प्रमाण जस्तै मतदाता परिचय-पत्र, विद्युत, पानीको महसुल बुझाएको प्रमाण र स्थानीय तहले घरधुरी कायम गरी कर संकलन गरेको कागजातको प्रतिलिपि ।
५. पहिले नापी भई फिल्ड बुक कायम भएको र पुर्जा नभएको त्यस्तो जग्गा भए उक्त जग्गाको नक्सा र फिल्ड बुकको सक्कल कपि।
६. सम्बन्धित वडा कार्यालयले तयार पारेको सर्जमिन मुचुल्का ।
७. आवश्यक परे नाता प्रमाणित ।
८. आवश्यक परे मृत्यु दर्ता प्रमाणपत्र ।
९. उपलब्ध अन्य प्रमाणहरु ।

२०८२।०९।२९
दमन दाहाल
प्रमुख प्रशासकीय अधिकृत

बोधार्थ:
श्री भूमि समस्या समाधान आयोग, जिल्ला समन्वय समिति, दैलेख ।

नेपाल सरकार

# भूमि समस्या समाधान आयोग

## जिल्ला समिति दैलेख

फोन नं.: ०८९-४२०९०८
मोबाइल. नं.: ९८६८०९३५७२
९८५८०८४५३६

पत्र संख्या : २०८२/०८३
चलानी नं. : 35

मिति: २०८२/०९/२९
(ने.सं. ११४६ पोहेलागा १०,मंगलवार)

बिषय: सेवा प्रबाहा सुधार सम्बन्धी कार्ययोजना(Action plan for service delivery improvement) सम्बन्ध ।

श्री स्थानीय तहहरु(सबै),
दैलेख ।

प्रस्तुत विषयमा यस भूमि समस्या समाधान आयोग, जिल्ला समिति दैलेख को च.नं.३८ मिति २०८२/०९/२२ को पत्रमार्फत भूमिहीन दलित,भूमिहीन सुकुम्बासी र अव्यावस्थित बसोबासीको २०८३ माघ मसान्तसम्म भूमि सम्बन्धी राष्ट्रियस्तरको डाटाबेस तयार गर्ने क्रियाकलाप रहेको व्यहोराको पत्र पठाइएकोमा भूमि समस्या समाधान आयोग, ताहाचल,काठमाडौंको चनं व्यावस्था, सहकारी तथा गरिबी निवारण मन्त्रालयको च.नं.२२८ मिति २०८२/०९/२४ को पत्रबाट सो कार्ययोजनाको बुदा नं.१.८ सम्बन्धी क्रियाकलापको समयसीमा २०८२ माघ मसान्त हुनुपर्नेमा २०८३ माघ मसान्त भएको व्यहोराको पत्रसहित परिमार्जित कार्ययोजना प्राप्त हुन आएकोले आफ्नो स्थानीय तहका भूमिहीन दलित,भूमिहीन सुकुम्बासी र अव्यावस्थित बसोबासीहरुबाट दर्ता हुन आएका फाराम र अन्य विवरणहरुलाई NALCIS System मा यथाशीघ्र प्रविष्टि गर्न/ गराउनुहुन अनुरोध छ । साथै केन्द्रीय आयोगको पत्र र कार्ययोजना यसैसाथ संलग्न गरि पठाइएको व्यहोरासमेत अनुरोध छ ।

अध्यक्ष

बोधार्थ:
श्री भुमि समस्या समाधान आयोग, ताहाचल,काठमाण्डौ ।



CamScanner

नेपाल सरकार

## भूमि समस्या समाधान आयोग

ताहाचल, काठमाडौं ।

# भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीले निवेदन दिने सम्बन्धी पैंतीस (३५) दिने सूचना ।

**(अन्तिम पटकको सूचना प्रकाशन मिति : २०८२/०४/३०)**

भूमि समस्या समाधान आयोगले भूमिहीन दलित तथा भूमिहीन सुकुम्बासीलाई जग्गा उपलब्ध गराउने र अव्यवस्थित बसोबासीको व्यवस्थापन गर्ने प्रयोजनका लागि कार्य सहमतिपत्र अनुसार सम्झौता भइसकेका सम्पूर्ण स्थानीय तहका भूमिहीन दलित, भूमिहीन सुकुम्बासी र अव्यवस्थित बसोबासीले जग्गा प्राप्त गर्नका लागि आयोगले तोकेको ढाँचा बमोजिम निवेदन फाराम भरी मिति २०८२/०४/३० देखि ३५ दिनभित्र स्थानीय तहबाट वडाका तोकिएका स्थानहरूमा खटिएका लगत संकलक मार्फत पेश गर्नु हुन यो सार्वजनिक सूचना प्रकाशन गरिएको छ ।